# हल्दीबारी राजपत्र

हल्दीबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, माग १० गते २०८० साल (संख्या ११

## भाग १

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं ११

# करारमा गाउँ/नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८०

**प्रस्तावना :**

सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा करारमा गाउँ/नगर प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुऱ्याउनको लागि वाञ्छनीय भएकोले, हल्दीवारी गाउँपालिकाको प्रशासकीय ऐन (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "करारमा गाउँ/नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन गाउँसभाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(१) "अध्यक्ष" भन्नाले हल्दीवारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

(३) "गाउँ/नगर प्रहरी ऐन" भन्नाले हल्दीवारी गाउँपालिकाको करारमा नगर/गाउँ/नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८० सम्झनु पर्दछ ।

(४) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(५) "गाउँ/नगर प्रहरी" भन्नाले ऐन बमोजिम करारमा नियुक्त भएका गाउँ/नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(६) "समिति" भन्नाले दफा ६ (२) बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(७) "गाउँपालिका" भन्नाले हल्दीवारी गाउँपालिकाकालाई बुझ्नु पर्दछ ।

## परिच्छेद-२
## गाउँ/नगर प्रहरीको गठन, रेखदेख र नियन्त्रण

३. **गाउँपालिका गाउँ र नगर प्रहरीको सम्बन्ध** : गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी गाउँ/नगर प्रहरी नियुक्त गरिनेछ । समस्त गाउँ/नगर प्रहरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ। गाउँ/नगर प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

४. **गाउँपालिकामा रहने गाउँ/नगर प्रहरीको संख्या, पद र तहः**

(१) गाउँपालिका रहने गाउँ/नगर प्रहरीहरुको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा गाउँ सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३
## गाउँ/नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**५. गाउँ/नगर प्रहरी काम, कर्तव्य र अधिकारहरु :**

(क) ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) (२) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त गाउँ/नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई सलामी अर्पण गर्नु गाउँ/नगर प्रहरीको कार्तव्य हुनेछ । यसका अलवा गाउँसभा र वडादशैं आवश्यक पर्ने चाडपर्व, दिवसमा झण्डोत्तलन एवं प्रहरीसँग सम्बन्धित नियमको पूर्ण पालना गर्नु गाउँ/नगर प्रहरीको थप कर्तव्य हुनेछ ।

२. सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाइदिने । यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असुल उपर गर्ने ।

३. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारबाही गर्ने ।

४. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमाा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने ।

५. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहित प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए कार्यालयबाट भत्काउने आदेश दिएमा भत्काउने ।

६. गाउँपालिका क्षेत्रभित्र छाडा पशुपन्छीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने ।

७. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानीकारक चिज बस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ गाउँपालिका समक्ष पेश गर्ने ।

८. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ गाउँपालिका समक्ष पेश गर्ने ।

९. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारबाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

१०. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

११. वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

१२. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानूनको कार्यान्वयन गर्ने ।

१३. गाउँपालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१४. विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने । बिना ईजाजत मादक पदार्थको बिक्री वितरण गर्ने पसलहरु छानबिन गरी तोकिए बमोजिम कारबाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारवाही गर्ने ।

१५. गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने ।

१६. गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर ब्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफारिस गर्ने ।

१७. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१८. बजार अनुगमन गर्ने, नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मुल्य सूची राख्न लगाउने तथा चेक गर्ने ।

१९. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता व्यवसायिक गतिविधिहरुको निरिक्षण गर्ने र मापदण्ड अनुरुप नचेलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा गाउँपालिकामा जानकारी गराउने ।

२०. गाउँपालिका क्षेत्रभित्र सार्वजानिक स्थलमा जुवातास, मादक पदार्थ सेवन तथा धुम्रपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस मेला महोत्सब संचालन गर्न गाउँपालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२१. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२२. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी,उत्पादन/प्रशासरण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै करणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२३. बजार क्षेत्रमा तीव्र गतिमा सवारी साधानहरु चल्न नदिने ।

२४. गाउँपालिका क्षेत्रभित्र निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने निजहरुको अनुगमन गर्ने ।

२५. दमकल,एम्बुलेन्स जस्ता अत्यावश्यक सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने ।

२६.विपद, महामारी भएमा खोजी, उद्धार तथा राहत पुनस्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।

२७. गाउँपालिका भित्र शाखा, योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२८. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२९. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

३०. गाउँपालिकाले तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

(ख) गाउँ/नगर प्रहरी हवलदारले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि गाउँ/नगर प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नका अलावा दफा ५ (क) मा उल्लेखित काम कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने गाउँ/नगर प्रहरी जवानहरुले गाउँ/नगर प्रहरी हवल्दारको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ ।

## परिच्छेद -४
## पदपूर्ति र योग्यता

६. **पदपूर्ति गर्ने तरिका** : पद र संख्या यकिन गर्न कार्यपालिकाबाट निर्णय गराउनु पर्नेछ । यसरी निर्णय भए पश्चात गाउँ/नगर प्रहरी करारमा राख्ने प्रयोजनका लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ :

(१) गाउँ/नगर प्रहरीको छनौट खुल्ला प्रतियोगिताद्धारा हुनेछ ।

(२) गाउँ/नगर प्रहरीको पदपुर्तिका लागि देहाय बमोजिमका एक पदपूर्ती समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | जिल्ला प्रहरी/स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| (ग) | संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

(३) पदपूर्ती गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

**(क) छोटो सूची** : गाउँ/नगर प्रहरी दरखास्त दिने उम्मेदवारहरुको फर्मलाई शैक्षिक योग्यता, स्थायी बसोबास, कार्य अनुभवलाई आधार मानी छूट्टा छुट्टै अंक निर्धारण गरी कम्तीमा ४० अंक ल्याउने उम्मेदवारहरुको छोटो सूची प्रकाशन गरिनेछ । जसअन्तर्गत शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणीमा पास हुनेको अंक ४०, प्रथम श्रेणीको अंक ३५, द्धितीय श्रेणीको अंक ३०, तृतीय श्रेणीको अंक २५, स्थानीय बासिन्दाको लागि पूर्णाङ्ग १० जसमा हल्दीवारी गाउँपालिकाको बासिन्दा भएमा १०, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ र अन्य जिल्लाको बासिन्दा भएमा ० अंक प्रदान गरिनेछ ।

**(ख) शारीरिक परीक्षण** : शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परिक्षण उत्तीर्ण गरे पश्चात मात्र देहाय बमोजिम मूल्यांकन गरी उम्मेदवारहरुलाई लिखित परीक्षामा समावेश गरिने छ ।

(अ) शैक्षिक योग्यताको लागि माथिल्लो योग्यतालाई प्राथमिकता दिईनेछ ।

(आ) हल्दीवारी गाउँपालिकाको बासिन्दा भएमा १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक र अन्य क्षेत्रको भएमा शून्य अंक प्रदान गरिनेछ ।

(ग) **लिखित परिक्षा** : लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

(घ) **अन्तरवार्ता** : अन्तरवार्ताको लागि पूर्णाङ्क ३० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्युनतम १२ र अधिकतम २१ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) पदपुर्ति समितिले नै अर्न्तवार्ता समितिको काम गर्नेछ । समितिले आवश्यकता पर्ने भए सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- परिक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,
- दरखास्त फारम उपर छानविन गर्ने,
- छनौटका लागि कार्यतालिका बनाउने,
- योग्यताक्रम सूची तयार गर्ने,
- नियुक्तिका लागि सिफारिस गर्ने ।

७. **योग्यता**

**क. गाउँ/नगर प्रहरी हवल्दारको योग्यता**

- नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी. /एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ ।
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित वडा प्रहरी कार्यालय वा वडा कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

**ख. गाउँ/नगर प्रहरी जवानको योग्यता**

- नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा /आधारभूत तह वा सो सरह उत्तीर्ण गरेको,
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित वडा प्रहरी कार्यालय वा वडा कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,

- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

## परिच्छेद -५
## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

८. **विज्ञापन सम्बन्धी व्यवस्था :** समितिले गाउँ/नगर प्रहरी पदपूर्तीको लागि विज्ञापन गर्नुपर्दा अनुसूची- १ बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको स्थानीय दैनिक पत्रिका, सूचना पाटी वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. **दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्था :** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूची-२ बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुझाउनुपर्दछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले अनुसूची-३ बमोजिमको प्रवेश पत्र पाउनेछन् ।

१०. **नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्ने :** समितिले योग्यताक्रम निर्धारण गरी सोही बमोजिम सूचिकृत समेत गरी गाउँ/नगर प्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानीय दैनिक पत्रिका, गाउँपालिकाको सूचना पाटी, वेबसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्या दोब्बर संख्यामा गर्नु पर्नेछ ।

११. **सिफारिस तथा नियुक्तिः** दफा १० बमोजिमको कार्य सम्पन्न भए पश्चात पदपूर्ती समितिले नियुक्तिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएपछि गाउँ/नगर प्रहरीलाई करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ ।

## परिच्छेद-६
## करार सम्बन्धी व्यवस्था

१२. **करार गर्ने :**

(१) गाउँपालिकाबाट छनौट भएका उम्मेदवारलाई बढीमा सात(७) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः बैकल्पिक उम्मेदवाारलाई सूचना दिई करार सम्झौता गर्न सकिनेछ ।

(३) यस ऐन बमोजिम करार सम्झौता गर्दा ६ महिना देखि बढीमा १ वर्षसम्मका लागि मात्र करार सम्झौता गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ । पहिलो पटक करार गर्दा (३) तीन महिनाको परीक्षणकाल अवधिमा रहनुपर्नेछ ।

(४) उपदफा (४) बमोजिम करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा निजको कार्य सम्पादन मुल्यांकन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णयानुसार पुनः करार गरिनेछ ।

(५) गाउँ/नगर प्रहरी कर्मचारीले स्वेच्छाले करार निन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनुपर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पूनः करारमा काम गर्ने अवसर दिइने छैन ।

(६) यस दफा विपरीतको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गरी वा रकम भुक्तानी गर्ने कर्मचारीको तलब भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारबाही समेत गरिनेछ ।

(१३) **कार्य शर्त, पारिश्रमिक र अवधि :**

(१) यस ऐन बमोजिम करार सम्झौता गरिएका गाउँ/नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले करारका गाउँ/नगर प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा प्रशासन शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ ।

(३) यस ऐन बमोजिम गाउँ/नगर प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुने पनि दाबी गर्न पाउने छैन ।

(४) उपदफा (१) बमोजिम करार सम्झौता गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधि एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन ।

१४. **करार समाप्ती :**

(१) करार सम्झौता गरिएको गाउँ/नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी प्रशासन शाखाले सिफारिस गरी सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ । सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतले अध्यक्ष मार्फत कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद - ७

## विविध

१५. **गाउँ/नगर प्रहरीको सेवा र सुविधा :** गाउँ/नगर प्रहरीको चाडपर्व खर्च, पोशाक खर्च, लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँ कार्यपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

१६. **प्रशासनको नियन्त्रणमा रहनेः**-(१) गाउँ/नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रणमा रहने छन् ।

(२) गाउँ/नगर प्रहरीको अनुशासन र खटनपटन सम्बन्धीत कार्य प्रमुख प्रशासकीय अधिकृतको समन्वय र निर्देशनमा नगर प्रहरी संयोजकले गर्नेछ ।

१७. **बिदा** : गाउँ/नगर प्रहरीको बिदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य बिदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

१८. **पोशाक** : गाउँ/नगर प्रहरीले डिउटी समयमा लगाउने पोशाक अनुसूची-६ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ/नगर प्रहरीको कर्तव्य हुनेछ ।

१९. **डिउटी अवधि** : गाउँ/नगर प्रहरीको डिउटी अवधि बिहान ६ बजेदेखि बेलुका ८ बजेसम्म रहनेछ । प्रत्येक गाउँ/नगर प्रहरीले तालिका बमोजिम दैनिक रुपमा कम्तिमा १० घण्टा डिउटी समय मिलाइनेछ । यसका साथै गाउँ/नगर प्रहरीहरु चौबिस घण्टा गाउँ कार्यपालिकाको कार्यालयको अधिनमा रहने छन् र जुनसुकै समयमा पनि कामकाजमा लगाउन सकिनेछ ।

२०. **व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकार** : यस अघि नियुक्त भएका यस्तै प्रकृतिका पदहरु यसै अनुरुप भएको मानिनेछ । ऐन कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँसभालाई रहनेछ ।

२१. **अमान्य हुने** : यस ऐनमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा हल्दीवारी गाउँपालिकाको स्थानीय कानूनसँग बाँझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् । तर गाउँसभाको नियम बमोजिम भएमा यस्तै प्रकृतिका कार्यहरु कार्यन्वयन गर्न बाधा पर्ने छैन ।

अनुसूची-१
(दफा ८सँग सम्बन्धित विज्ञापनको ढाँचा)
स्थानीय सरकार

# हल्दीवारी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**जलथल, झापा**
**कोशी प्रदेश, नेपाल**

**गाउँ/नगर प्रहरी करारमा लिने सम्बन्धी सूचना**

(सूचना प्रकाशन मिति : ........................)

हल्दीवारी गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम कार्यपालिकाको मिति ............................. को निर्णयानुसार देहायको पद, संख्या र योग्यता भएको गाउँ/नगर प्रहरी कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको ......................बैंकमा रहेको ..................खाता नं. ................................ मा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| | | | | |

१. **योग्यता**

(क) गाउँ/नगर प्रहरी हवल्दारको लागि :

- (अ) नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको । नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ ।
- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित वडा प्रहरी कार्यालय वा वडा कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

(ख) गाउँ/नगर प्रहरी जवान पदको लागि ::

- (अ) नेपाली नागरिक भएको,
- मान्यता प्राप्त शैक्षिक संस्थाबाट आठ कक्षा /आधारभूत तह वा सो सरह उत्तीर्ण गरेको,

- उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाली सेना, नेपाल प्रहरी वा शसस्त्र प्रहरीबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको,
- कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
- मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,
- सम्बन्धित वडा प्रहरी कार्यालय वा वडा कार्यालयबाट जारी भएको चारीत्रिक प्रमाणपत्र,
- पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्तसँगै बुझाउनु पर्नेछ भने पूर्व जनमुक्ति सेनाको हकमा भने अनमिनले सूचिकृत गरेको कागजपत्र दरखास्तसँगै बुझाउनु पर्नेछ ।

३. **परीक्षाको किसिम :** शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता ।

४. **परीक्षा केन्द्र :** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

५. **दरखास्त दस्तुर :** तह अनुसार तोकिनेछ ।

६. **तलब स्केल :** गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

हल्दीबारी गाउँपालिका

अनुसूची-२

(दफा ९सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

स्थानीय सरकार

# हल्दीवारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## जलथल, झापा

## कोशी प्रदेश, नेपाल

## करारको लागि दरखास्त फारम

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवरले दस्तखत |

दरखास्त फाराम भर्न चाहेको पद :-

विज्ञापन नम्बर :-

फारम पेश गरेको कार्यालय :-

(क) **बैयक्तिक विवरण**

| | | | | |
|---|---|---|---|---|
| बैयक्तिक विवरण | **नाम थर** | **(देवानागरीमा)** | | |
| | | **अंग्रेजीमा ठूलो अक्षरमा)** | | लिङ्ग : |
| | **नागरिकता नं.** | | जारी गर्ने जिल्ला : | जारी मिति : |
| स्थायी ठेगाना | (क) जिल्ला : | (ख) न.पा. : | (ग) वडा नं. : | |
| | (घ) टोल : | (ङ) मार्ग/घर नं. : | (च) फो नं./मोबाइल नं. : | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल : | |
| बुबाको नाम, थर : | | | जन्ममिति : (वि.सं मा)<br>(ईस्वी संवतमा) : | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

(ख) **शैक्षिक योग्यता/तालिम**

(दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्युनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने )

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

(ग) **अनुभव सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

हल्दीवारी गाउँपालिका

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सही छाप</td><td rowspan="2" colspan="2">उम्मेदवारको दस्तखत र मिति</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td colspan="2"></td><td colspan="2"></td></tr>
<tr><td colspan="4">कार्यालयले भर्ने :</td></tr>
<tr><td colspan="2">रदिस/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="4">दरखास्त अस्वीकृत भए सोको कारण :</td></tr>
<tr><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखत :</td><td colspan="2"></td><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखत :</td></tr>
</table>

(**द्रष्टव्य** : दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।)

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

अनुसूची-३
(दफा ९सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)
स्थानीय सरकार

# हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
कोशी प्रदेश, नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवरले दस्तखत

## गाउँ/नगर प्रहरी परीक्षा, प्रवेशपत्र

(.....................................पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

(क) विज्ञापन मिति :-
(ख) विज्ञापन नं. :-
(ग) दर्ता, नम्बर :-
(घ) नाम, थर र ठेगाना :-
(ङ) उमेर :-
(च) श्रेणी, तह :-
(छ) उम्मेदवारको दस्तखत नमूना :-

भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :-

यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिईएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्ने छ ।

परीक्षा केन्द्र :-
अधिकृतको दस्तखत :-
मिति :-

अनुसूची-४

(दफा १२ (२)सँग करार सम्झौताको ढाँचा)

स्थानीय सरकार

# हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

## करार सम्झौता

हल्दीवारी गाउँपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको ) र ...................... जिल्ला ................ ................ नगपालिका/गाउँपालिका, वडा नं. ........... बस्ने श्री ............................................ (यसपछि दोश्रो पक्ष भनिएको का बीच हल्दीवारी गाउँपालिकाको गाउँ/नगर प्रहरी को कामकाज गर्न गराउन मिति .......................... को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

शर्तहरु

१. **कामकाज सम्बन्धमा** : दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकताअनुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नुपर्ने स्थान**: हल्दीवारी गाउँपालिका भौगोलिक क्षेत्रभित्र ।

३. **करारमा काम गरे बापत पाउँने पारिश्रमिक तथा सेवा सुविधा** : प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु .................. (अक्षरेपी रु. ............................................................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. **आचरणको पालना** : दोश्रो पक्षले हल्दीवारी गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **बिदा** :करारमा नियुक्त गाउँ/नगर प्रहरीले अधिकारको रुपमा बिदा दाबी गर्न पाउने छैन । कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य बिदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनुपर्नेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षा** : दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यता** : दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामन एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलार्य करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखी कानून बमोजिम कारवाही गरिनेछ ।

८. **करार अवधि :** यो करार मिति ..........................देखि लागु भई मिति .................... सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकन :** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तर दिन उपयुक्त देखिएमा ऐन दफ १२ (५) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ ( सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टी गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोश्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचारण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा पहिलो पक्षले करार सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

११. दाबी नपुग्ने : दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउँने छैन र गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुने :** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट : | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) : |
|---|---|
| हस्ताक्ष : | हस्ताक्षर : |
| नाम, थर : | नाम, थर : |
| पद : | ठेगाना : |

साक्षीहरु

हस्ताक्षर :

नाम, थर :

पद :

इति सम्वत् ...............रोज................शुभम् ..................।

अनुसूची-५

(दफा १२ (३)सँग सम्बन्धित पत्रको ढाँचा)

स्थानीय सरकार

# हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

च.नं. मिति :

प.सं.

श्री..............................

....................................।

विषय : नियुक्ति सम्बन्धमा ।

तपाईलाई मिति २०८.........../......./......... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ...................... (पदको नाम वा काम) का लागि यसै साथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०८........../......../.........देखि २०८......../......../...... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मुल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस हल्दीवारी गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचासंहिता र आचारणको समेत परिपालना गर्नुहुन जानकारी गराईन्छ ।

नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ ।

................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

(१) श्री आर्थिक प्रशासन शाखा : प्रमाणित हाजिर र Time Sheet सहितको प्रतिवेदन आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनुहुन ।

(२) श्री प्रशासन शाखा : हाजिरीको व्यवस्था हुन ।

हल्दीवारी राजपत्र

अनुसूची-६

(दफा १७ सँग सम्बन्धित पोशाक विवरण)

स्थानीय सरकार

# हल्दीवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

| क्र.सं. | विवरण | रङ | संख्या | खपत अवधि |
|---|---|---|---|---|
| १. | टेरिकटन सर्ट र पाइन्ट | | २ | १ वर्ष |
| २. | ब्यारेट क्याप | | १ | २ वर्ष |
| ३. | सिठ्ठी र सिठ्ठी कर्ड | | १ | १ वर्ष |
| ४. | बेभ बेल्ट | | १ | २ वर्ष |
| ५. | बुट | | १ जोर | १ वर्ष |
| ६. | कुम ब्याज | | १ जोर | ५ वर्ष |
| ७. | टोपी ब्याज | | १ | ५ वर्ष |
| ८. | बर्सादी | | १ | ३ वर्ष |
| ९. | मोजा | | २ जोर | १ वर्ष |
| १०. | स्वीटर | | १ | ३ वर्ष |
| ११. | ज्याकेट | | १ | ३ वर्ष |

आज्ञाले

मान व वन (महेन्द्र)

प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी गाउँपालिका